बेनी नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १०, बेनी, पौष १४ गते, २०८२ साल अतिरिक्ताङ्कः १६

**भाग-१**

**बेनी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

मिति २०८२/०९/१४ गते बसेको बेनी नगरपालिकाको नगर सभाको अठारौँ अधिवेशनले बेनी नगरपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन, २०८२ स्वीकृत गरेकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेनी नगरपालिकाको शिक्षा ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** बेनी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामका लागि नगर शिक्षा समिति को व्यवस्था रहेको र उक्त समिति गठन प्रक्रियालाई समय सापेक्ष हुने गरी बेनी नगरपालिकाको शिक्षा ऐन २०७४ लाई संशोधन गर्नु बाञ्छनीय भएकोले बेनी नगरपालिकाको नगरसभाको अठारौं अधिवेशनले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम **बेनी नगरपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन, २०८२** हुनेछ।यो ऐन बेनी नगरपालिकाको नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात्

प्रारम्भ हुनेछ ।

२. **<u>शिक्षा ऐन २०७४ को दफा ९ उपदफा १ 'ज' मा संशोधनः</u>** शिक्षा ऐन, २०७४ को दफा ९ को उपदफा १ 'ज' को सट्टा देहायको दफा राखिएको छ ।

" शिक्षा क्षेत्रमा क्रियशील शिक्षाप्रेमी, विज्ञ, समाजसेवी, बुद्धिजिवी मध्येबाट एक जना महिला पर्ने गरी समितिले मनोनित गरेको तीन जना सदस्य"

३. **<u>शिक्षा ऐन, २०७४ को दफा ९ को उपदफा १ 'झ' लाई</u> झिकिएको :** शिक्षा ऐन, २०७४ को दफा ९ को उपदफा १ 'झ' मा भएको देहायको वाक्यांश झिकिएको छ ।

"नगरपालिकामा कार्यरत स्रोत व्यक्तिहरु मध्येबाट शिक्षा अधिकृतको सिफारिसमा शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य"

आज्ञाले
अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८२/०९/१४